हाम्रा संकाय र कर्मचारीहरू,

गत दुई व्यस्त महिनामा, *COVID-19* ले नाटकीय रूपमा हामी बस्ने संसार र हाम्रो क्याम्पस सञ्चालनहरूलाई बदलिएको छ। *UW-Madison* को प्रतिक्रियामा म अत्यन्तै गर्व गर्दछु। एक महान सरकारी विश्वविद्यालयको महत्त्व स्पष्ट छ, महामारी सँग सम्बन्धित अनुसन्धान, जानकारी र शिक्षा प्रदान गरेकोमा। दुर्भाग्यवस, यस सङ्कटको लागत विश्वविद्यालयमा पर्याप्त छन्। यस मेमोले कर्मचारी *furlough* हरू सहित, हाम्रा आवश्यक खर्चहरू घटाउने रूपरेखालाई जनाउँदछ।

तपाईंको उर्जा, मनोभाव र समर्पणका लागि धन्यवाद, यसले गर्दा विस्कन्सिनभरको प्रतिक्रियामा हाम्रो विश्वविद्यालयले एक अग्रणी भूमिका खेलेको छ, जसले जनस्वास्थ्यको रक्षा गर्न निर्णायक कदम चालेको छ, हाम्रो राज्यलाई सुविधा र परिसरहरू चलाउन दिएको छ, *UW Health* का कर्मचारीहरू र पहिलो उत्तरदाताहरूलाई हाम्रो आवास हल खोलेको छ, र राज्यलाई निर्णय लिन सहयोग पुऱ्याउने धेरै आवश्यक विशेषज्ञता बाँडेको छ। तपाईंले खोप विकास कार्यदेखि लिएर अनुहार छोप्ने साधनका *(face shields)* लागि खुला डिजाईनहरू सिर्जना गर्ने जस्ता विशाल र साना तरिकामा विस्कन्सिन विचारको *(Wisconsin Idea)* उदाहरण बन्नुभएको छ।

हाम्रो समुदायको स्वास्थ्य र सुरक्षाको रक्षा गर्नु हाम्रो पहिलो प्राथमिकता हो। क्याम्पस परिचालनमा भएको तीव्र कटौतीले हामी सबैको लागि चुनौतीहरू प्रस्तुत गरेता पनि, हाम्रो समुदायलाई जोगाउन र यस भाइरसको फैलावटलाई सीमित गर्न यसो गर्नु सही थियो।

म हाम्रा सबै कर्मचारीहरूप्रति आभारी छु, र विशेष गरी क्याम्पस परिचालनहरूको संरक्षणको लागि आवश्यक क्षमतामा क्याम्पसमा कार्यरत व्यक्तिहरूलाई धन्यवाद दिन चाहन्छु। तपाईंहरू प्रत्येकले हाम्रो प्रतिक्रियामा महत्त्वपूर्ण भूमिका खेल्नुभयो, चाहे तपाईंले कक्षाको वैकल्पिक वितरणमा भाग लिनुभयो, हाम्रा विद्यार्थीहरू वा प्रशिक्षकहरूलाई *virtual* वातावरणमा सहयोग गर्दै हुनुहुन्छ, अनुसन्धान जारी राख्न सहयोग पुऱ्याउनुभएको छ, वा विस्कनसिन वरपरका समुदायहरूमा सम्पर्क सञ्चालन गर्दै हुनुहुन्छ।

तपाईं पहिले नै सचेत हुनुहुन्छ कि यस सङ्कटले हाम्रो आर्थिक अवस्थामा अभूतपूर्व प्रभाव पारेको छ, जुन हामीले सुरुमा १०० मिलियन डलरको अनुमान लगाएका थियौं; यो सम्भव छ कि घाटा धेरै ठूलो हुन सक्दछ। जसरी हामीले यस महामारीको प्रतिक्रिया दिन जारी राखेका छौँ, आर्थिक प्रभाव बढेको छ। हिजो राती मात्र राज्यले घोषणा गर्यो कि विश्वविद्यालय लगायत सबै कार्यकारी शाखा एजेन्सीहरूलाई यस आर्थिक वर्षको (यो जुन ३० मा अन्त्य हुन्छ) राज्य कर डलरको लगानीमा ५ प्रतिशत कटौती गर्न आग्रह गरिनेछ।

हामी सौभाग्यशाली छौँ कि यो सङ्कटको तुलनात्मक रुपमा राम्रो आर्थिक अवस्थाबाट र वित्तीय वर्ष २१ को बजेट प्रक्रियाको हिस्साका रूपमा नयाँ बजेट डलर विनियोजन गर्नु अघि नै सामना गर्न सक्यौँ। हाम्रो सीमित भण्डार र अन्य लागत नियन्त्रण कार्यहरूको संयोजनमा, यो पैसाले हामीलाई केन्द्रीय क्याम्पस कार्यहरूको माध्यमबाट १०० मिलियन डलरको घाटालाई सम्बोधन गर्न अनुमति दिनेछ। हाम्रा कर्मचारीहररूलाई तत्काल प्रभावबाट जोगाउन हामीले हालका र भविष्यका लागतहरूलाई नियन्त्रण गर्न लिएका तत्काल कार्यहरू यी थिए:

- योजना गरिएको बजेट विनियोजन र नयाँ लगानी रद्द गर्ने
- यात्राहरू रोक्ने र गैर-आवश्यक खर्चहरू सीमित गर्ने

- केही पूर्वाधार परियोजनाहरू स्थगित गर्ने वा बदलिने
- *Freshman* वर्गको भर्ना गर्न हाम्रो प्रयासलाई दोब्बर बनाउने
- सीमित छूट सहित आंशिक रूपमा नयाँ काम दिने र तलब रोक्ने

अपेक्षित आर्थिक चुनौतिहरूका कारण, हामीले थप कदमहरू चाल्नुपर्नेछ जसले दुर्भाग्यवस हाम्रा सबै कर्मचारीहरूलाई सीधै असर गर्नेछ। संकाय, शैक्षिक र युनिभर्सिटी कर्मचारीहरू बीच साझा बलिदानको लागि आग्रह गर्दै, र हाम्रो नेतृत्व र उच्च कमाई गर्नेहरूको सबैभन्दा ठूलो योगदानको अपेक्षा गर्दै हामी समुदायको रूपमा यस चुनौतीको सामना गर्नेछौँ।

हामी यी कदमहरू चाल्नेछौँ:

**क्याम्पस-व्यापी *Furlough*:** धेरै जसो संकाय, शैक्षिक र युनिभर्सिटी कर्मचारीहरूका लागि, हामी मे १५ देखि अक्टुबर ३१, २०२० सम्म चल्ने एक स्नातक, प्रगतिशील तलब बिनाको *furlough* कार्यक्रम लागु गर्नेछौँ। *Furlough* एउटा अनिवार्य तलब बिनाको बिदा हो र *layoff* वा गैर-नवीकरण (*non-renewal*) होईन। कर्मचारीहरूले आफ्नो काम कायम राख्दछन् र जब कामको स्थितिमा फर्कन्छन्, आफ्ना जम्मा भएका सुविधाहरूमा पुरा पहुँच पाउनेछन्।

> यस नीति अधिकांश कर्मचारीलाई लागु हुनेछ, जसमा अनुदान वा अन्य गैर-१०१ कोषमा रहेका व्यक्तिहरू पनि समावेश छन्। हामी स्नातक सहायक, पोस्ट-डक्टरल, अस्थायी र विद्यार्थी कर्मचारी र गैर-*FTE* नियुक्तिहरूलाई छूट दिनेछौँ।

$१५०,००० भन्दा बढी कमाउने कर्मचारीहरूले आउँदो छ महिनामा छ दिनको *furlough* लिनेछन् (प्रति महिना ४.६% कटौती)। $८०,००१ र $१५०,००० को बीचमा कमाउनेहरूले पाँच दिन लिनेछन् (प्रति महिना ३.८% कटौती), $५०,००० र $८०,००० को बीचमा कमाउनेहरूले चार दिन लिनेछन् (प्रति महिना ३.१% कटौती), र ,$५०,००० भन्दा कम कमाउने कर्मचारीहरूले मे र अक्टुबर बीचको छ महिनाको अवधिमा तीन दिनको *furlough* लिनेछन् (प्रति महिनामा २.३% कटौती)। *Furlough* दिनहरूको सङ्ख्या ९-महिना नियुक्ति भएकाहरूका लागि समायोजित हुनेछ, जसले गर्दा उही वार्षिक आयत हुने अरू व्यक्तिहरूसँग वर्षभरी मिल्ने समान तलब घटाउने प्रक्रिया देखिन्छ।

**नेतृत्व तलब कटौती:** प्रोवोस्ट, उपकुलपति र मैले, हाम्रो आफ्नै इच्छाले अर्को छ महिनाको लागि हाम्रो तलबमा पन्ध्र प्रतिशत कटौती गर्दैछौँ। यो लगभग १० प्रतिशत तलब कटौती र छ वटा *furlough* दिन बराबर हो।

***Work-Share* कार्यक्रम:** भारी आर्थिक घाटा द्वारा प्रभावित वा परिचालनमा ठूलो प्रभाव परेको युनिटहरूले आफ्नो कार्यबललाई अझै घटाउनुपर्नेछ। यी कर्मचारीहरू मध्य पुरा *furlough* हुनबाट रोक्न, हामीले *Wisconsin Department of Workforce Development (DWD)* र संघीय *CARES* ऐनको मार्गदर्शन अन्तर्गत *Work-Share* कार्यक्रम चलाउन खोजिरहेका छौँ। यसको लागि *DWD* बाट स्वीकृति चाहिन्छ तर हामी आशावादी छौँ कि हामीले त्यो स्वीकृति पाउनेछौँ र अझ विस्तृत *furlough* हरूबाट जोगिन सक्नेछौँ।

*Work-Share* कार्यक्रमले उपलब्ध काम बाँडेर सबै कर्मचारीहरूलाई आंशिक रूपमा *(part-time)* काममा राख्दछ। यस कार्यक्रम अन्तर्गत, कर्मचारीहरूले आफ्नो कामको घण्टामा दश देखि साठी प्रतिशत सम्मको कटौती देख्नेछन् र युनिटमा बाँकी रहेका कामलाई कभर गर्नका लागि शिफ्ट बाँड्नेछन्। *Work-Share* कार्यक्रमका कर्मचारीहरूले विस्तारित

बेरोजगारी सुविधाहरूको लागि आवेदन गर्न सक्दछन् जुन आंशिक काम घटेको लागि समानुपातिक रूपमा *(pro-rated)* उपलब्ध छ।
*Work-Share* कार्यक्रममा भाग लिने कर्मचारीहरूले माथि वर्णन गरिएको कुनै पनि *furlough* दिनहरू लिन आवश्यक छैन। पुरा वा आंशिक रूपमा *Work-Share* कार्यक्रममा भाग लिने युनिटहरूमा युनिभर्सिटी हाउजिङ्ग, परिसर योजना र व्यवस्थापन *(Facilities Planning & Management)*, र विस्कन्सिन *Union*, र अरू पर्दछन्। आउने दुई हप्तामा, यदि उनीहरूको कार्य युनिटले *Work-Share* कार्यक्रममा भाग लिँदैछन् भने कर्मचारीहरू औपचारिक रूपमा सूचित हुनेछन्।

**युनिटहरूमा कम काम भएका कर्मचारीहरू जो *Work-Share* कार्यक्रमको लागि योग्य छैनन्:** *Work-Share* कार्यक्रम ती युनिटहरूको लागि डिजाइन गरिएको छ जहाँ धैरै कर्मचारीहरू घटाइबाट प्रभावित हुन्छन्। केही युनिटहरूमा पुरा समय *(full-time)* काम नगर्ने वा *telecommute* गर्न नसक्ने कर्मचारीहरूको सङ्ख्या सीमित छन्। यी अवस्थाहरूमा, सुपरभाईजरहरूले कर्मचारीहरूको साथ मिलेर कि उनीहरूलाई अर्को काम दिना सकिन्छ कि सकिँदैन वा यदि कार्यपद विशेष *furlough* आवश्यक छ भने उपलब्ध कामको मात्राको आधारमा काम गर्ने घण्टा घटाउने कुरा तय गर्नेछन्।

*Work-Share* कार्यक्रमको लागु र *Work-Share* का लागि योग्य नभएकाहरूका लागि फेरि नियुक्ति सम्भावित अवसरहरूको पहिचान कार्य जारी छ र क्याम्पस *COVID-19* आपतकालीन बिदाको आवश्यकतालाई मे १५ सम्म विस्तार गरिनेछ। क्याम्पस *COVID-19* बिदा मे १५ पछि उपलब्ध हुने छैन।

**आफ्नै इच्छाको तलब बिनाको बिदा:** अन्तमा, हामी तलब बिनाको आफ्नै इच्छाको बिदाको पनि प्रस्ताव राख्दछौँ (सामान्यतया आंशिक समय) जसले यो कदम लिन चाहन्छन् र जसको कार्य भारले यसको लागि अनुमति दिन्छ यदि तपाईं यो विकल्प लिन चाहनुहुन्छ भने कृपया तपाईंको सुपरभाईजर वा *HR* प्रतिनिधिलाई सम्पर्क गर्नुहोला।

यी छोटो अवधिको *HR* कार्यहरूले हामीलाई वर्तमानमा सामना गरिरहेका १०० मिलियन डलर भन्दा बढीको घाटामा ३० मिलियन डलर बचाउनेछ।

अहिले र शरद ऋतुको बीचमा म कुनै थप कार्य वा कटौतीको आशा गर्दिनँ र विश्वास गर्दछु कि यी चरणहरू पर्याप्त हुनेछन्। तर हामी अझै पनी भविष्यमा ठूलो अनिश्चितताको सामना गरिरहेका छौँ। हामीले जस्तो पनि परिदृश्यहरूको ला गि योजना बनाउँदै गरेपनि, हामी कसैलाई पनि थाहा छैन कि हामी शरद ऋतुमा कसरी चल्नेछौँ, वा राज्यको बजेटको स्थिति अर्को दुई वर्षमा कसरी जाँदैछ। यी दुवै कारणहरूले हाम्रो आर्थिक समस्याहरूलाई गम्भीर बनाउन सक्दछन् र खर्च घटाउने विधिको रूपमा आउने शरद ऋतुमा थप कटौती आवश्यक पर्नसक्नेछन्।

मलाई थाहा छ यो समयमा यो आग्रह गर्नु ठूलो कुरो हो जब हामी सबै कडा परिश्रम गरिरहेका छौँ, र हाम्रो जीवनका अन्य धेरै भागहरूमा पहिले नै असर र परेका छन्। हामी ग्रीष्म ऋतु र शरद ऋतुमा सर्दै जाँदा, म वचन दिन्छु कि हामी सकेसम्म जानकारी प्रदान गर्न जारी राख्नेछौँ र साथसाथै कुराहरू साझेदारी गर्न र प्रश्नहरू सोध्न साझा प्रशासन मार्फत अवसरहरू प्रदान गर्नेछौँ।

मानव संसाधन कार्यालयबाट *furlough* नीति र *FAQ* पढ्न कृपया https://hr.wisc.edu/covid19/furlough वेबसाईटमा जानुहोला।

थप अपडेटहरू मानव संसाधनको कार्यालयबाट सिधै डीन, निर्देशक र मानव संसाधन प्रतिनिधिहरू मार्फत प्रदान गरिनेछ। प्रश्नहरू तपाईंको सुपरभाईजर वा *HR* प्रतिनिधिलाई, वा मानव संसाधनको कार्यालयमा (608) 265-2257 वा furlough@ohr.wisc.edu बाट निर्देशित गर्न सकिन्छ।

फेरि पनि, म तपाईंले गर्नुहुने सबै कुराको गहिरो कदर गर्दछु र हाम्रो संस्थालाई यस गाह्रो अवस्थाबाट छिटो भन्दा छिटो र सुरक्षित रूपमा बाहिर लैजानको लागि तत्पर छु।

कुलाधिपति Rebecca Blank

###